# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः २७ | मितिः२०८०/१०/२२ |

## भाग – २

शिवपुरी गाउँपालिकामा युवा तथा खेलकुद विकासका सम्बन्धमा व्यवस्था गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्र भित्रका वडास्तर देखि नै युवा नेतृत्वमा सरोकारवाला युवाहरुको प्रतिनिधित्व युवा तथा खेलकुद विकास समिति मार्फत सुनिश्चित गर्दै गाउँपालिका मातहतको युवा तथा खेलकुद सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्कता अनुसार उनीहरुलाई संलग्न गराई समग्र शिवपुरीको सर्वाङ्गीण विकासको मुलप्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले शिवपुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी शिवपुरी गाउँ कार्यपालिकाको मिति २०८०/१०/२२ को निर्णयबाट यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८० "** रहेको छ ।

(२) यो कार्यविधि शिवपुरी शिवपुरी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले शिवपुरी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले शिवपुरी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले शिवपुरी गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले शिवपुरी गाउँपालिकाको **युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८०** लाई सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनुपर्छ ।

(च) "वडा" भन्नाले शिवपुरी गाउँपालिका मातहतको कुनै पनि वडालाई सम्झनुपर्छ ।

(छ) "वडा समिति" भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्छ ।

(ज) "वडाध्यक्ष" भन्नाले शिवपुरी गाउँपालिका मातहतको सम्बन्धित वडाका वडाध्यक्षलाई सम्झनुपर्छ।

(झ) "वडा सचिव" भन्नाले सम्बन्धित वडाको वडा सचिवलाई सम्झनुपर्छ ।

(ञ) "कर्मचारी" भन्नाले शिवपुरी गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनुपर्छ।

(ट) "समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम प्रत्येक गठन हुने युवा तथा खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

(ठ) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिका सदस्यलाई आवश्यकता अनुसार सम्झनुपर्छ ।

(ड) "संयोजक" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन हुने युवा तथा खेलकुद विकास समितिका संयोजकलाई सम्झनुपर्छ ।

(ढ) “वडा संयोजक” भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठन हुने युवा तथा खेलकुद विकास समितिका संयोजकलाई सम्झनुपर्छ ।

(ण) “युवा” भन्नाले सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर भएको व्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## युवा तथा खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

**३. समितिको गठनः** (१) गाउँपालिकामा युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) वडा संयोजकहरु मध्येबाट वा युवा तथा खेलकुद सम्बन्धी विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट गाउँकार्यपालिकाले तोकेको एक जना - संयोजक

(ख) खेलकुदको विभिन्न विधामा स्थापित संघसंस्था तथा व्यक्तित्वहरु मध्येबाट गाउँपालिकाले तोकेको तीन जना - सदस्य

(ग) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन गर्न गाउँपालिका अध्यक्षले तोकेको दुई जना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(४) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरेमा त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**४. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक गाउँपालिकामा बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा एक दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरुलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठकमा संरक्षकलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ र आवश्यकता अनुसार अन्य विज्ञहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) युवा तथा खेलकुद लक्षित गाउँपालिका स्तरीय कार्यक्रमहरुको तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने ।

(ख) गाउँपालिकामा क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

(ग) खेलकुदका विभिन्न विधामा गाउँपालिका स्तरीय टिमको छनोट गर्ने ।

(घ) गाउँपालिका भित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी गाउँपालिकामा सिफारिश गर्ने ।

(ङ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने।

(च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(छ) युवा सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ज) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने ।

माथि जे सुकै कुरा लेखिएतापनि गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समितिको संरक्षकमा गाउँपालिकाको अध्यक्ष रहनु हुनेछ ।

## परिच्छेद ३
## वडा स्तरीय युवा तथा खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

**६. समितिको गठनः** (१) वडा स्तरीय युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने कामको लागि एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) युवा तथा खेलकुद सम्बन्धी विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट वडा समितिले तोकेको एक जना - संयोजक

(ख) खेलकुदको विभिन्न विधामा स्थापित संघसंस्था

तथा व्यक्तित्वहरु मध्येबाट वडा कार्यालयले
तोकेको तीन जना - सदस्य

(ग) युवाको हक, हितको संरक्षण र सम्वद्र्धन गर्न
वडा अध्यक्षले तोकेको दुई जना - सदस्य

(घ) वडाको सचिव - सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(४) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरेमा त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**७. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक वडा कार्यालयमा बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा एक दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरुलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा तथा खेलकुद लक्षित वडास्तरीय कार्यक्रम संचालन गर्न वडा समितिमा प्रस्ताव पेश गर्ने।

(ख) वडाभित्र क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

(ग) खेलकुदका विभिन्न विधामा वडास्तरीय टिमको छनोट गर्ने ।

(घ) वडाभित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिश गर्ने ।

(ङ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

(च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(छ) युवा सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ज) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

माथि जे सुकै कुरा लेखिएतापनि वडा स्तरीय युवा तथा खेलकुद विकास समितिको संरक्षकमा वडाको अध्यक्ष रहनु हुनेछ ।

## परिच्छेद-४

## आचारसंहिता

९. **आचार संहिताः** खेल सम्बन्धी विषयका खेलाडी, समिति अध्यक्ष तथा सदस्य, कर्मचारी, गाउँ कार्यपालिका र सभा सदस्यले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछः-

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइनेछैन। तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर, कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ । साथै खेलमा सहभागिता समेत गराइने छैन ।

ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिँ कतैबेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर, कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन। तर, संरक्षण गर्न बाधा पर्ने छैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति वाहेक अरुलाई राख्ख पाइने छैन ।

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचिकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

१०. **सौजन्यताः** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकांको पूर्व स्वीकृति लिनुपर्नेछ । तर गउँपालिकाले स्वीकृति नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ५

## दर्ता, नवीकरण र विघटन

११. **दर्ता र स्वीकृतीः** (१) खेलकुद सँग सम्बन्धित संस्था दर्ता तपशिल बमोजिम गरिने छ ।

क) गाउँपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकुदसँग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नु पर्नेछ । खेलकुदसँग सम्बन्धि दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृति दिने छैन ।

ख) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूचि-१ को ढाँचामा गाउँपालिका समक्ष निवेदन दिईनु पर्नेछ ।

ग) संस्था दर्ता र विधान स्वीकृतिको लागि निवेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूचि-२ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ ।

घ) पहिले नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सुचिकृतको लागि अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

ङ) सुचिकृत भएका संस्थाहरुलाई अनुसुची-४ बमोजिम प्रमाणपत्र दिईनेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गनुपर्नेछ ।

च) दर्ता वा सुचिकृत भएका संस्थाको नवीकरण गर्न दिईने निवेदन अनुसुचि - ५ बमोजिमको ढाँचामा हुनुपर्ने ।

छ) गाउँपालिकामा दर्ता वा सुचिकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ ।

ज) प्रत्येक वर्षको असार मसान्त भित्र सबै दर्तावाल वा सूचिकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नवीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम गरिवाना गरिनेछ ।

(३) उपदफा (१) बमोजिम दर्ता भएका संस्था पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई सूचीबाट हटाईनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।

(४) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछ।

क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा ।

ख) लगातार ५ वर्ष सम्म संस्था नवीकरण नगरेमा ।

ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा ।

घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

## परिच्छेद ६
## विविध

**१२. भाग लिन नहुनेः** गाउँपालिका तथा वडाका युवा तथा खेलकुद विकास समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदैन ।

**१३. उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** समितिले यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

**१४. पारिश्रमिक, सुविधा तथा बैठक भत्ताः** (१) समितिका पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन् । शिवपुरी गाउँपालिकाको युवा तथा खेलकुद विकास समितिको कार्यालय अर्को व्यवस्था नभएसम्मको लागि गाउँपालिकामा नै रहनेछ। विशेष जिम्मेवारी वहन गरे वापत संयोजकलाई कार्यपालिकाले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

**१५. वार्षिक प्रतिवेदनः** (१) समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित गाउँपालिकाका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

**१६. निर्देशन दिन सक्नेः** (१) कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि बमोजिम गठित समितिको कर्तव्य हुनेछ ।

**१७. सहयोग गर्नु पर्नेः** यस कार्यविधि बमोजिम गठित समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१८. यस कार्यविधिमा उल्लिखित उद्येश्य बमोजिम काम गर्न नसक्ने समितिलाई कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

**१९. कार्यपालिकासँग सम्पर्कः** समितिले कार्यपालिकासँग सम्पर्क राख्नु पर्दा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत राख्नु पर्नेछ ।

**२०. मापदण्ड बनाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक मापदण्ड/ निर्देशिका तर्जुमा गर्न सक्नेछ ।

(क) शिवपुरी गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समिति तथा वडा स्तरीय युवा तथा खेलकुद विकास समितिको वैंक खाता समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ। गाउँपालिका स्तरीय तथा वडा स्तरीय युवा तथा खेलकुद विकास समितिको गाउँपालिकाले तोकेको वैंङ्कमा एक खाता रहनेछ। उक्त खातामा गाउँपालिकाबाट एवं सरकारी तथा गैर सरकारी विभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट प्राप्त विभिन्न रकमहरु रहनेछन।

(ख) दफा १७(क) बमोजिम संचालन भएको खाताको रकम रिभल्भीङ फण्ड(आवर्ति कोष) को रुपमा रहनेछ। खातामा रहेको जम्मा रकम मध्ये आर्थिक वर्षको अन्त्य सम्म खर्च भएर पनि अझै उक्त खातामा रकम जम्मा बाँकी हुन आएमा उक्त खातामा रहेको त्यस्तो रकम गाउँ कार्यपालिकाको कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाको अनुमति बमोजिम खर्च गर्न सकिनेछ ।

**२१. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची -१

(दफा ११ को उपदफा (ख) सँग सम्बन्धित)

**संस्था दर्ता र विधान स्वीकृतीको लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः.....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवपुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
शेरावगर, नुवाकोट ।

विषयः संस्था दर्ता सम्बन्धमा ।

हामीले तपसिलमा उल्लेखित विवरण अनुसरको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इन्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन पेश गरेको छौ ।

नियमानुसार संस्था दर्ता गरि दिनु हुन अनुरोध छ ।

संस्थाको नामः................................................
संस्थाको कार्यालय रहने स्थानः शिवपुरी गाउँपालिका वडा नं. ............
टोलको नामः................................

| **सचिव** | **अध्यक्ष** |
|---|---|
| नामः ............................... | नामः ............................... |
| मितिः ............................... | मितिः ............................... |
| हस्ताक्षरः .......................... | हस्ताक्षरः............................ |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) संस्थाको विधानको मस्यौदा
ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि
ग) सस्थाको छापको नमूना ।

अनुसूची -२

(दफा ११ को उपदफा (ग) सँग सम्बन्धित)

**संस्था दर्ता प्रमाण पत्रको ढाँचा**

**शिवपुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शेरावगर, नुवाकोट**

**संस्था दर्ता प्रमाण-पत्र**

संस्थाको नामः ............................
ठेगानाः ................................
दर्ता हुदाँको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः
दर्ता हुदाँको समयमा रहनु भएको अध्यक्षको नामः
माथि उल्लेखित विवरण भएको संस्थाको विद्यान स्वीकृत गरी संस्था दर्ताको प्रमाण-पत्र प्रदान गरिएको छ । शिवपुरी गाउँपालिका युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८०, प्रचलित कानून र विद्यानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु सञ्चालन गर्न अनुमति दिइएको छ ।

....................................
प्रमुख प्रशासकीय अधिकृत

**संस्था नवीकरणको विवरण**

| नवीकरण गरेको मिति | नवीकरण कायम रहने मिति | नवीकरण दस्तुर | भौचर वा रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(दफा ११ को उपदफा (घ) सँग सम्बन्धित)

**<u>संस्था सूचिकृतका लागि पेश गर्ने निवेदनको ढाँचा</u>**

मितिः....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवपुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
शेरावगर, नुवाकोट ।

विषयः संस्था सुचिकृत गरि दिनु हुन ।

म/हामीले तपसिलको विवरण अनुसार संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सूचिकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरि दिन अनुरोध छ/गर्दछौं ।

संस्थाको नामः...............................................
संस्थाको कार्यालय रहने स्थानः शिवपुरी गाउँपालिका वडा नं. ............
टोलको नामः...............................

**सचिव**
नामः ..............................
मितिः ..............................
हस्ताक्षरः .........................

**अध्यक्ष**
नामः ..............................
मितिः ..............................
हस्ताक्षरः...........................

**<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>**

क) संस्था दर्ता प्रमाण पत्र-
ख) संस्थाको स्वीकृत विद्यान
ग) गत आको लेखा परिक्षण प्रतिवेदन.व.
घ) स्थाई लेखा नम्बर (PAN) प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्र-
ङ) समितिको निर्णय

(दफा ११ को उपदफा (ङ) सँग सम्बन्धित)

**संस्था दर्ता प्रमाण पत्रको ढाँचा**

## शिवपुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## शेरावगर, नुवाकोट

**संस्था सूचीकृत प्रमाण-पत्र**

संस्थाको नामः ..........................

ठेगानाः ..............................

दर्ता हुदाँको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुदाँको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको सूचिकृत गरी प्रमाण-पत्र प्रदान गरिएको छ । शिवपुरी गाउँपालिका युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८०, प्रचलित कानून र विद्यानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु सञ्चालन गर्न अनुमति दिइएको छ ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

**संस्था नवीकरणको विवरण**

| नवीकरण गरेको मिति | नवीकरण कायम रहने मिति | नवीकरण दस्तुर | भौचर वा रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(दफा ११ को उपदफा (घ) सँग सम्बन्धित)

**संस्था नवीकरणको लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवपुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
शेरावगर, नुवाकोट ।

विषयः संस्था नवीकरण गरी पाउँ।

........................................................ नामक संस्था यस शिवपुरी गाउँपालिकामा दर्ता/सूचिकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु सञ्चालन गरी रहेको हुँदा तपसिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरि पाउँ भनी निवेदन पेश गर्दछु ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) संस्था दर्ता प्रमाण पत्र-
ख) गत आको लेखा परिक्षण प्रतिवेदन.व.
ग) स्थाई लेखा नम्बर (PAN) प्रमाण पत्र प्रतिलिपी
घ) कर चुक्ता प्रमाणपत्र- प्रतिलिपी
ङ) समितिको निर्णय

...................................
निवेदक

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**